# वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

visit nepal 2020 Lifetime Experiences

## नदीजन्य पदार्थको निकाशी शुल्क उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६/०६/०६ गते सोमबार**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ ६) बमोजिम यस वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रभित्र रहेका तपशिल बमोजिमका खोला तथा नदीहरुको IEE गरेका स्वीकृत घाट/क्षेत्र अनुसार ढुंगा, गिट्टी, बालुवा, दहत्तर, बहत्तर निकासी शुल्कको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म/वा कम्पनिले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि फर्म दर्ता प्रमाणपत्र सहित बोलपत्र फारम खरिद गरि निर्धारित मापदण्ड तथा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित नियम तथा सम्झौता एवं तोकिएको शर्त बमोजिम नदीजन्य पदार्थको निकासी शुल्क असुल उपर गर्न चालु आ.व. ०७६/०७७ को लागी बोलपत्र आव्हान मार्फत ठेक्का व्यवस्थापन गर्नका लागी सम्बन्धित सबैको जानकारीको लागी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

१. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७७ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ ।

२. यो सूचना बमोजिमको बोलपत्र मिति २०७६/६/२३ गते सम्म सम्म खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु मिति २०७६/६/२४ गते अपरान्ह १२:०० बजेभित्र वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेतमा दर्ता गर्नुपर्नेछ । प्राप्त बोलपत्रहरु मिति २०७६/६/२४ गते दिनको २:०० बजे वीरेन्द्रनगर नगरपालिकाको कार्यालय, सुर्खेतमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिनमा सो कार्यहरु गरिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिर ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नविकरणको प्रमाण आदीको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले भ्याट सहितको अंक कबोल गर्नुपर्नेछ । कबोल अंकलाई आधार मानी धरौटी वापत कबोल अंकको २.५ प्रतिशतले हुन आउने भ्याट बाहेकको रकम धरौटी वापत राख्नुपर्नेछ । धरौटी वापतको रकम यस नगरपालिकाको रा.वा. बैंक, सुर्खेत शाखामा रहेको ग-३ धरौटी खाता नं.: ४०८०३०३००३००१ मा जम्मा गरेको भौचरको सक्कलै प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (विडबण्ड) को सक्कल प्रति समावेश गर्नुपर्नेछ ।

६. धरौटी वापत जम्मा गरेको रकम लाई किस्तामा समोवेश गर्न पाइने छैन । कबोल गरिएको रकम एकमुष्ट रुपमा अग्रिम बुझाएमा २ (दुई) प्रतिशत सम्म रकम छुट दिन सकिने छ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागी भने छुट दिइने छैन । बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसिद पेश गर्नुपर्नेछ ।

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ साथै, त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।

१०. उक्त ठेक्का कबोल गर्ने ठेकेदारले नेपाल सरकार तथा यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । साथै, कार्यालय तथा ठेकोदार बिच कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

११. बुंदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएको खण्डमा कुल कबोल अंकको ३०% रकम अग्रिम दाखिला गर्नुपर्नेछ । ठेक्का अवधिमा एक महिना थप अवधि सम्मको बैंक जमानत (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ साथै, ठेक्का अवधि समाप्त हुनु भन्दा एक महिना आगावै बांकी रकम सबै दाखिला गर्नुपर्नेछ ।

१२. ठेकेदारले सम्झौतापत्र वा कार्य आदेशमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको शुल्क लिनु पर्नेछ । सो भन्दा फरक हुने गरि शुल्क लिएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

१३. यस कार्यालयले तोकेको शुल्क संकलन गर्ने नगदि रसिदहरु संक्षिप्त कर विजक (भ्याट सहितको) ठेकेदार स्वयमले छपाई यस कार्यालयबाट प्रमाणित गरेपश्चात मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमनको क्रममा प्रमाणित नगरेका रसिद प्रयोग गरेको पाईएमा नियमानुसार कारवाही गरिने छ ।

१४. ठेकदारले ठेक्का सम्झौता पछि यस कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै हड्ताल, बन्द, चक्काजाम वा नाकाबन्दि जस्ता अन्य कुनै कारण दसाई कुनै किसिमको रकम मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१५. ठेकदारले उक्त रकम संकलनका क्रममा राजमार्ग वा सहायक राजमार्गमा ढाट वा तगारो राखि शुल्क संकन गर्न पाइने छैन । साथै, ठेकदारले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना टांस गर्नु पर्नेछ र राजश्व संकलन गर्न परिचयपत्र सहितको कर्मचारी खटाउनु पर्नेछ ।

१६. ढुंगा, गिट्टी, बालुवा, रोडा, माटो आदी झिक्नु पर्ने वा घाटगद्दि गर्नुपर्ने स्थान सम्म जान आउन आवश्यक पर्ने सडक निर्माण तथा मर्मत गर्नुपर्ने भएमा कार्यालयलाई जानकारी गराई ठेकदार स्वयमले गर्नुपर्नेछ ।

१७. सार्वजनकि स्थान, राजमार्ग, वन, जंगल, पुल, हाइटेन्सन लाईन लगायत प्रचलित कानूनले निषेध गरेको क्षेत्र बाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाईने छैन ।

१८. नदी, खोला, नाला आदीको प्राकृतिक स्वरुप बिग्रने गरि नदीजन्य पदार्थ उत्खनन गर्न पाइने छैन ।

१९. बाढीले नदी, खोला, नालाको बहाब परिवर्तन गरि वस्ति, वनजंगल, पुलपुलेसा, सडक आदीमा क्षति पुग्ने देखिएमा बहाव परिवर्तन बाट संकलित नदीजन्य पदार्थ उत्खनन गर्न भारीयन्त्र (डोजर) प्रयोग गर्नुपर्ने देखिएमा IEE प्रतिवेदनका आधारमा यस नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । नगरपलिकाको स्वीकृति बिना कुनैपनि प्रकारको भारीयन्त्र प्रयोग गर्न पाईने छैन ।

२०. संकलित ढुंगा, गिट्टी, बालुवा, माटो, आदी ढुवानी गर्दा छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध ठेकदार स्वयमले मिलाउनु पर्नेछ ।

२१. नदीजन्य पदार्थ उत्खनन संकलन गर्दा विद्मान पानीको सतहबाट दुवैतिर कम्तिमा १०/१० मीटर सम्म संकलन गर्न पाइने छैन ।

२२. ठेकदारले काम शुरु भएपछि मासिक रुपमा संकलित/निकासी परिमाणको लिखित जानकारी अनिवार्य रुपमा यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

२३. नदीजन्य पदार्थ उत्खनन तथा निकासी कार्यको समय निर्धारण कार्यालयले तोके बमोजिम हुनेछ ।

२४. IEE गरेका स्थान (प्लट) बाहेक अन्य स्थानबाट उत्खनन गरि निकासी गर्न पाईनेछैन त्यसो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ । यस सूचनामा उल्लेख भएका शर्तहरु उक्त ठेक्का प्रयोजनको लागी अभिन्न अंगको रुपमा मानिने छ ।

२५. म्याद नाघी वा रित नपुगी पर्न आएका बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

२६. उक्त नदीजन्य पदार्थ उत्खनन तथा निकासी कार्यका लागी कार्यालयले तयार पारेको IEE प्रतिवेदनको प्रावधानको व्याख्या गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

२७. निर्धारित अवधि अगावै तोकिएको परिमाण निकासी भएमा ठेक्का सम्झौता स्वतः समाप्त भएको मानिनेछ ।

२८. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु सम्झौतामा उल्लेख गरिनेछ र सो बाहेकका अन्य विषयहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

**तपशिल**

| सि.नं. | आय ठेक्का नं. | घाट/क्षेत्र | न्यूनतम अंक रु. (भ्याट सहित) | बोलपत्र फारम दस्तुर रु. | अवधि |
|---|---|---|---|---|---|
| १ | ०२/०७६/०७७ | झुप्रा/गिरीघाट खोला/भेरी नदी | ८०,९०,०००।- | ३,०००।- | २०७७ जेठ मसान्त सम्म मात्र |

**प्रमुख प्रशासकीय अधिकृत**